# हरिवन नगरपालिकाका नगर प्रमुख श्री गणेश प्रसाद प्रसाईंले नगर सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०७५।०७६ को नीति तथा कार्यक्रम

नगर उपप्रमुखज्यू, नगर कार्यपालिकाका सदस्यज्यूहरू सम्पूर्ण नगर सभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू तथा कर्मचारीहरू र नगर सभामा उपस्थित अन्य महानुभावहरू ।

- स्वतन्त्रता र स्वायत्तताको लागि भएका विभिन्न समयका आन्दोलनमा सहादत प्राप्त गर्ने सहिदहरूप्रति प्रथमतः भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।
- राजनैतिक ब्यवस्था परिवर्तन र स्वतन्त्रताको लागि पुस्तौंसम्म सङ्घर्ष गर्दा देखिएको पछौटेपनको अन्त गर्दै पूर्ण लोकतान्त्रिक पद्धतिका साथ स्थानीय सरकारको माध्यमबाट नगरको विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्ने दायित्व यस नगरपालिकाका जनप्रतिनिधिहरूको काँधमा आएको छ ।
- लोकतान्त्रिक उपलब्धिलाई संस्थागत गर्न जारी भएको नेपालको संविधान २०७२ ले परिकल्पना गरेको तीन तहको सरकार अन्तर्गत जनताको प्रत्यक्ष सहभागिता रहने र सरकारका तीनै अंगहरूको जिम्मेवारी कार्यान्वयन गराउने महत्वपूर्ण जिम्मेवारी र अवसर हामीलाई प्राप्त भएको छ ।
- उपलब्ध विविध साधन श्रोत, संघ संस्था तथा प्रदेश सरकारले उपलब्ध गराएको अनुदान, नगरपालिकाको आफ्नै आन्तरिक आयश्रोत, कर्मचारी प्रशासन र सम्पूर्ण नगरबासीहरूको न्यानो साथ एवं विभिन्न दातृ संघ संस्था तथा निकायसँगको सहकार्यको साथमा मतदाताहरूले सुम्पिएको जिम्मेवारीलाई पूरा गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु । ऐतिहासिक रूपमा निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरूको पहिलो कार्यकालभित्रै देशकै नमुना नगरपालिकाको रूपमा हरिवन नगरपालिकाको विकासको गतिलाई अघि बढाउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।
- अब म हरिवन नगरपालिकाले आगामी आर्थिक बर्ष २०७५।०७६ को लागि नीति तथा कार्यक्रम तपाईहरू समक्ष पेश गर्न चाहन्छु ।
- यो नीति तथा कार्यक्रम नेपालको संविधान २०७२ को भाग ४ धारा ४९, ५० र ५१ अनुसार राज्यले तय गरेको निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई पूरा गर्ने एक तहको रूपमा स्थानीय तह रहेको यथार्थलाई स्वीकार गर्दै निर्माण गरिएको छ । स्थानीय तहको निर्वाचनका बेला हरिवन नगरलाई देशकै नमुना शहरको रूपमा स्थापित गर्ने परिकल्पनालाई साकार पार्न आवश्यक पूर्वाधार निर्माण र सेवा क्षेत्रमा सुधारलाई मुख्य प्राथमिकतामा राखी नीति तथा कार्यक्रम निर्माण गरेको छु ।
- हरिवन नगरपालिकालाई नमूना शहरको रूपमा विकास गर्ने परिकल्पना अनुरूप पुर्वाधार र आवश्यक वातावरण तयार गर्दै जाने गरि नीति तथा कार्यक्रम निर्माणलाई जोड दिएको छु । हरिवन नगरपालिकाको ११ वटै वडामा विकासका पुर्वाधार निर्माण गरि चुस्त स्थानीय सरकार सञ्चालन गर्न

विभिन्न प्राथमिकता निर्धारण गरिएको छ । अब म निर्धारित विषयगत प्राथमिकताका आधारमा तयार गरिएका नीति तथा कार्यक्रमलाई यहाँहरू समक्ष प्रस्तुत गर्दैछु ।

१. व्यवस्थित सडक सञ्जाललाई विकासको मुख्य आधारशिला मान्दै हरिवन नगरपालिकाका हरेक वडा कार्यालयसम्म बाह्रै महिना चल्ने व्यवस्थित सडक र चक्रपथ निर्माणलाई तत्काल शुरूवात गरि क्रमिक रूपमा कालोपत्रे गर्दै पक्की सडक निर्माण गरिनेछ ।

२. यस अघि नगरपालिकाबाट डीपीआर सम्पन्न भईसकेका सडकहरूलाई प्राथमिकतामा राखी क्रमशः कालोपत्रे गर्ने नीति अवलम्बन गरिनेछ ।

३. सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रूपमा निरूत्साहित गरिने छ ।

४. नगरको बजार तथा ग्रामिण क्षेत्रको सार्वजनिक जग्गाको खोजी तथा अतिक्रमण न्यूनीकरणका लागि नापी, मालपोत लगायतका निकाय र नगरबासी सरोकारवालाहरूसँग सहकार्यको माध्यमबाट अतिक्रमित र सार्वजनिक जग्गा छुट्याइनेछ । मोटरबाटो र भित्री गल्लीको मापदण्ड तयार गरि सवै सडक र गल्लीको लगतकट्टा गर्न पहलकदमी गरिनेछ ।

५. नगरपालिका क्षेत्रभित्र हुने निर्माण कार्यक्रमलाई नमूना शहरको पुर्वाधारको रूपमा विकास गर्दै लगिनेछ । नगरको समग्र विकास ब्यवस्थापनका लागि एकीकृत नगर विकास योजना निर्माण गरी सोहीअनुसार विकास निर्माणका क्रियाकलाप अघि बढाइनेछ ।

६. नयाँ बन्ने घरहरूमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम हाईब्रिड सोलार जडान गर्नु पर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । सो कार्यको उत्प्रेरणाका लागि घरधनीलाई घरनक्सा पासको राजश्व रकममा १० प्रतिशत छुट दिइनेछ । सो सुविधा लिई सोलार बत्ति नजोड्ने घरधनी लाई घर निमार्ण सम्पन्न प्रमाण पत्र दिदा कुल राजश्व रकमको २५ प्रतिशत थप जरीवाना लिने नीति अबलम्बन गरिने छ ।

७. नगरपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापाससहित भवन निर्माण संहिता मापदण्ड, २०७२ लाई पूर्ण रूपमा पालना गर्न अभिप्रेरित गरिनेछ ।

८. घर निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराउँदा घरधनीले दुईवटा विरूवा अनिवार्य रूपमा रोपेको हुनुपर्ने व्यवस्था लागू गरिनेछ ।

९. नगरपालिका घोषणा हुनु अघि बनेका घरहरूलाई समेत नगरपालिकाले निर्धारण गरेको मापदण्डमा नक्सापास र नियमित गर्न २०७५ श्रावण १ देखि तीन महिनाको अवधी थप गर्ने, उक्त अवधीमा नक्सा पास तथा अभिलेखीकरणको लागि आउने घरधनीलाई दोब्बर दस्तुर लिएर घरनक्सा पास तथा नियमित गर्ने र त्यसपछिको अवधीमा कुनै पनि घरको अभिलेखीकरण तथा नक्सा पास नगर्ने नीति अवलम्बन गरिनेछ ।

१०. भू-उपयोग नीति जारी गरिने छ । नगरपालिका क्षेत्रको दीगो विकासका लागि उक्त नीति अनुसार व्यवस्थित वस्ती विकास गर्ने नीति अबलम्बन गरिनेछ ।

११. नगरपालिका क्षेत्रमा रहेको जग्गाको बढ्दो खण्डीकरण रोक्न यसै आर्थिक वर्षको सुरूदेखि नै जग्गा एकीकरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ । नगरपालिकाको बजार क्षेत्रमा सडक मापदण्ड छोडेर कम्तिमा ७ धूर र ग्रामीण क्षेत्रमा कम्तिमा १० धूरभन्दा कम जग्गाको कित्ताकाटमा रोक लगाइनेछ ।

१२. उत्पादनशील जग्गामा हुने घडेरी प्लटिङ तथा विक्रीलाई निरूत्साहित गर्दै नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्रै घडेरी विकास व्यवसाय सञ्चालन गर्नु पर्ने नियमलाई अनिवार्य गरिनेछ । कुनै पनि बस्ती टोलमा शाखा बाटो वा नयाँ बाटो खोल्दा आवश्यक पूर्वाधारहरू (बाटो, बिजुली, खानेपानी, ढल आदि) को आधारमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र खोल्नु पर्ने व्यवस्था गरिनेछ ।

१३. वास्तविक भूमिहीनहरूको लगत संकलन गरिनेछ ।

१४. नगरपालिकाको सबै वस्तीमा बिद्युतको व्यवस्थित विस्तार गरिनेछ ।

१५. सामुदायिक ग्रामीण विद्युतीकरणको अवधारणालाई अवलम्बन गर्दै कृषिलाई व्यवसायीकरण र निर्यातमुखी बनाउन कृषि विद्युतीकरणलाई हरेक किसानको खेत खलियानमा पहुँच हुने गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

१६. नगरपालिका भित्र संचालित रेडियो टेलिभिजन, पत्रपत्रिका तथा अनलाईनको अभिबृद्धिका लागि संचार क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ । नगर प्रशासन र नगरबासीहरूमा सूचना, समाचार, कार्यक्रम, लेख रचना सामग्रीमार्फत प्रकाशन प्रसारण गर्न नगरबाट सञ्चालित पत्रपत्रिका र अनलाईनलाई सहयोग गरिनेछ ।

१७. सूचना तथा संचार प्रविधिको प्रयोग गरी नागरिक सेवा र सुशासन अभिबृद्धि गर्न खुल्ला स्थानीय सरकार कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान तथा प्रोत्साहनको नीतिलाई निरन्तरता दिइनेछ ।

१९. जीवनका लागि स्वच्छ खानेपानीको आधारभुत आवश्यकतालाई उच्च प्राथमिकता दिई हरिवन नगरपालिकालाई तिर्खामुक्त नगरको रूपमा स्थापित गर्न खानेपानीको मूल पहिचान गरी अभिलेखीकरणका साथ योजना निर्माण गरिनेछ । प्राकृतिक सम्पत्ति र श्रोतको रूपमा रहेको खानेपानीमाथि सबैको अधिकार स्थापित गर्न मूलमा हुने कुनै पनि विवाद र किचलोलाई शून्य सहनशीलताको नीतिअनुरूप समाधान गरिनेछ ।

२०. सबै नगरबासीहरूलाई ४ वर्षभित्र स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालीन र दीर्घकालीन योजना कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ । निर्माणाधीन खानेपानी योजनाहरूलाई यथाशिघ्र सम्पन्न गर्न सम्बन्धित सरकारी निकायमा विशेष पहल गरिनेछ ।

२१. पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न विभिन्न सरकारी, गैर सरकारी संघ संस्था तथा आम नागरिक समेतको सहयोग, समन्वय र सहभागितामा पूर्ण सरसफाई कार्यक्रम लागू गरिने छ ।

२२. वर्षातको महिना खानेपानी मार्फत विभिन्न सरूवा रोगको महामारी फैलिने सम्भावनालाई मध्यनजर गर्दै सरोकारवाला निकाय समेतको सहयोग र समन्वयमा पानी शुद्धिकरणका लागि विभिन्न विधिका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. विद्यमान सिँचाईका पूर्वाधारहरूको मर्मत सम्भारको साथै थप आयोजनाहरू कार्यान्वयनमा जोड दिईनेछ ।

२४. नगरपालिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाईको सुनिश्चितता गर्न आवश्यक पहल गरिनेछ ।

२५. नदी खोला बाढी एवं जलउत्पन्न प्रकोप नियन्त्रण सम्वन्धमा स्थानीय जनताको सहभागितासहित सरोकारवाला निकायहरूमा पहल गरिनेछ ।

२६. नगरक्षेत्रमा हुने ठूला र गौरवका उद्योग तथा उत्पादन क्षेत्रमा लगानी गर्न नगर लगानी कोष स्थापनाका लागि आवश्यक पहल गरिनेछ । निजी क्षेत्रको अलावा राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदारहरूसँग साझेदारी गरी स्थापना गरिने नगर लगानी कोषको सञ्चालनका लागि आवश्यक कानून निर्माण गरी लगानीको सुरक्षण र प्रवर्द्धन गरिनेछ ।

२७. अन्तराष्ट्रिय गैरसरकारी संस्था, नियोग तथा स्वदेशी लगानी कर्ताले नगर क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना सञ्चालन गर्न चाहेमा हार्दिक स्वागत गर्दै लगानीमैत्री वातावरण सृजना गरिनेछ । साथै नागरिक सेवा र राजश्व अभिवृद्धि हुने आयोजनाहरूमा नगरपालिकाले आवश्यक ऋण लिई लगानी गर्न सक्नेछ ।

२८. विकास निर्माण लगायत पूर्वाधार निर्माणमा सार्वजनिक–निजी साझेदारी नीतिलाई अवलम्बन गरी स्थानीय नीति, योजना निर्माण गरिनेछ ।

२९. नगरको पूर्वाधार विकास, स्वरोजगारमूलक कार्यक्रम, ब्यवसाय प्रवर्द्धन, सूचना प्रविधि, सरसफाई, चेतनामूलक तथा शैक्षिक कार्यक्रम र विकास निर्माण सम्बन्धी कुनै पनि कार्यक्रममा विभिन्न संघ संस्था, निकाय वा समुदायले लागत साझेदारीमा काम गर्न चाहेमा नगरपालिकाले आवश्यक बजेट बिनियोजन गर्नेछ ।

३०. नगरको समग्र विकासका लागि सहकारी संस्था र सामाजिक संघ संस्थाहरू संगको सहकार्यलाई जोड दिइनेछ । स्थानीय संघ संस्था, क्लव तथा सामुदायिक संस्थाहरूमार्फत सामुदायिक विकासका कार्यक्रमहरूमा सहकार्य गरिनेछ भने अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाका कार्यक्रमहरूमा समेत प्रभावकारिता हेरी नगर बजेटबाट साझेदारी गरिनेछ ।

३१. 'विचारमा विविधता विकासमा एकता' को सूत्रलाई आत्मसात गर्दै नगर विकासका लागि विभिन्न राजनीतिक दल तथा नागरिक समाजले अघिसारेका राम्रा योजनाहरूलाई अनुसरण गर्दै नगर विकास

कार्यक्रममा समावेश गरिनेछ । विकासका लागि सरोकारवालाहरूको क्षमता विकास र अवलोकन भ्रमण जस्ता कार्यक्रममार्फत सहकार्य र भाइचाराको सम्बन्ध अभिबृद्धि गरिनेछ ।

३२. व्यवसायिक कृषि, उत्पादन, उद्योग र सेवा क्षेत्रमा वडाको विस्तृत सम्भाब्यता अध्ययन पश्चात् तथ्यगत प्रतिवेदनका आधारमा हरेक वडाको बेग्ला बेग्लै पहिचान स्थापित हुने गरी पकेट क्षेत्र निर्धारण गरी आवश्यक कार्यक्रमलाई अघि बढाइनेछ । यसै कार्यक्रममार्फत नगरबासीहरूमा स्वरोजगारीको अवसरहरू सृजना गरिनेछ ।

३३. बढ्दो रासायनिक पदार्थको प्रयोगलाई निरूत्साहित गर्न माटो परीक्षण गरी कृषि चुनको प्रयोगमार्फत माटोको उर्वराशक्ति बढाउने नीति अवलम्बन गरिनेछ ।

३४. निर्वाहमुखी कृषिलाई ब्यवसायिक कृषिमा रूपान्तरित गरी कृषिलाई उत्पादनको विशेष श्रोतको रूपमा विकास गर्न किसान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक पशुपालनलाई प्रोत्साहन दिँदै पशु तथा बालीबीमा कार्यक्रमलाई कृषकहरूका बिच प्रभावकारी बनाउने योजना सञ्चालन गरिनेछ । पशु वीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

३५. सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन र विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ ।

३६. कृषि उत्पादनलाई प्रबर्द्धन र प्रोत्साहन गर्न उत्कृष्ट किसान र कृषि समूहलाई सम्मान गरिनेछ ।

३७. कृषि उत्पादन, प्रशोधन, व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणका लागि कृषि उत्पादन स्थलसम्म कृषि सडक सञ्जाल पुऱ्याउने कार्यलाई निरन्तरता दिईने छ ।

३८. नगदेवाली विशेष गरी उखू, तरकारी, फलफूल नर्सरी, र आँप खेतीलाई व्यवसायिक रूपमा विकास गरिनेछ । कृषि पकेट क्षेत्र निर्धारण गरी कृषि विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहाराका लागि घांस खेतिका कार्यक्रम संचालन गरिने छ । पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिने छ । उत्पादित पशुपंछीजन्य उत्पादनको उचित बजारिकरणको प्रवन्ध मिलाइने छ ।

४०. कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरूको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिने छ ।

४१. नगर भित्रका पशुपंछी फर्म, मासुपसल, एग्रोभेट पसलहरू दर्ता गरी नियमन गरिने छ । स्वच्छ र स्वस्थ मासु उपभोक्तासम्म पुऱ्याउन उपयुक्त स्थानमा आधुनिक पशु वधशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

४२. पशुपन्छी चिकित्सा सेवालाई प्रभावकारी बनाउन सरल र सहज रूपमा निःशुल्क औषधीको व्यवस्था गरिनेछ ।

४३. नगरक्षेत्रका सहकारीहरूको क्षमता विकास र सहकारीहरूले सञ्चालन गर्ने स्वरोजगारमूलक कार्यक्रममा नगरपालिकाले आवश्यक सहकार्य र सहयोग गर्न सक्नेछ ।

४४. "प्रत्येक वडामा सहकारी, घर घरमा भकारी" भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थ नीतिलाई कार्यन्वयनमा विशेष जोड दिइने छ ।

४५. नगरभित्र स्थापना भएका सहकारी संस्थाहरूको अवस्था विश्लेषण संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासका लागि सहकारी संस्था दर्ता सम्बन्धी कार्यलाई व्यवस्थित गराईनेछ ।

४६. सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि र संस्थागत विकास मार्फत कृषिका लागि लगानीमैत्री वातावरण श्रृजना गरिनेछ ।

४७. सहकारीको माध्यमबाट गरिबी न्यूनीकरणका लागि विभिन्न आयमूलक तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४८. नगरको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई बढाउँदै सहभागितामूलक करनीति अवलम्बन गरिनेछ । स्थानीय सरकार सञ्चालनको मूल आधार स्थानीय आय भएकाले नगरबासी, उद्योग वाणिज्य संघ, टोलसुधार समितिहरू र स्थानीय विद्यालय तथा क्याम्पसहरूसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइनेछ ।

४९. न्यून दर फराकिलो दायरा (Low rate Wide net) को अवधारणा अनुसार कर तिर्ने क्षमता र ईच्छा समेतलाई विचार गरी नगरवासीहरूलाई बोझ नहुने गरी कर, शुल्क तथा दस्तुर निर्धारण गरी आन्तरिक श्रोत सङ्कलन गरिनेछ ।

५०. नगरक्षेत्रमा उद्योग व्यवसायको प्रबर्द्धन गर्न उद्यममैत्री कार्यक्रम सञ्चालन गरिनेछ । नगरक्षेत्र भित्र औद्योगिक क्षेत्र निर्माणका लागि आवश्यक जग्गा खोजी गरी आवश्यक पूर्वाधार विकासको प्रारम्भ गरिनेछ । ठूला लगानीकर्ताहरूलाई आकर्षित गर्न आवश्यक वातावरण दिनुका साथै साना तथा घरेलु एवं लघु उद्योगलाई सहयोग र प्रवर्द्धन गरिनेछ । नगरको ग्रामीण क्षेत्रमा उद्योग व्यवसायलाई प्रबर्द्धन गर्न नगरको करको दरमा ८० प्रतिशतसम्म छुटको ब्यवस्था गरिनेछ ।

५१. उद्योग वाणिज्य संघसँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाउदै सबै व्यवसायिहरूलाई करको दायरामा ल्याईनेछ ।

५२. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखासँग आवद्ध गर्दै नगरवासीले तिर्ने कर शुल्कको हिसाब दुरूस्त राख्न कम्प्युटर विलिङ्ग प्रणालीबाट राजश्व सङ्कलनको विद्यमान अवस्थालाई अझै सुदृढ बनाईनेछ ।

५३. उपभोक्ताको हकहित संरक्षण गर्न बजार अनुगमन गरिने छ ।

५४. व्यापारिक फर्म, पसलको दर्ता, अनुमती, नवीकरण, खारेजी र नियमन गरिनेछ ।

५५. उद्योगी, व्यापारीहरूको हकहित संरक्षण र सुरक्षाका लागि उचित बजार व्यबस्थापन र बजार क्षेत्रमा सीसी क्यामरा जडानका साथै सौर्य सडक बत्तीको क्रमशः व्यवस्थापन गरिनेछ ।

५६. घरेलु तथा साना उद्योग र उपयुक्त स्थानमा स्थानीय ईँटा उद्योगहरूको स्थापना, विकास, प्रबर्द्धन र नियमनमा ध्यान दिईनेछ ।

५७. जथाभावी अनियन्त्रित रूपमा भइरहेको ढुङ्गा, गिटी, बालुवा, माटो उत्खननलाई रोकिनेछ एवं खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यबस्थापन लगायतका कार्य प्रारम्भ गरिनेछ ।

५८. ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्गा आदि खानीजन्य वस्तुको उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजीसम्वन्धी कार्यलाई व्यवस्थित पारिनेछ ।

५९. शिक्षामा सवैको अधिकार र सरोकार स्थापित गर्न नगर क्षेत्रका विद्यालय र क्याम्पसहरूलाई आवश्यक सहयोग र सवलीकरण गरिनेछ । शिक्षकहरूको क्षमता बृद्धि र विद्यालयको भौतिक तथा शैक्षिक सेवा बृद्धि गर्न आवश्यक सहयोग गरी गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक योजना सञ्चालन गरिनेछ ।

६०. निशुल्क रूपमा शैक्षिक सामग्री, पोशाकलगायतका सामग्रीहरू उपलब्ध गराई सुकुम्बासी तथा अति विपन्न परिवारका बालवालिकाहरूलाई विद्यालय पठाउन तथा टिकाउन प्रोत्साहन गरिनेछ ।

६१. नगर क्षेत्रमा प्राविधिक उच्च शिक्षा प्रदान गर्न र दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षालय स्थापना गर्न यसै बर्षदेखि आवश्यक पहल गरिनेछ ।

६२. नगरपालिका क्षेत्रभित्र कृषि तालिम केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

६३. "दक्ष जनशक्ति गुणस्तरीय शिक्षा, आत्मनिर्भर एबं समृद्ध नगर हाम्रो अपेक्षा" भन्ने मुल नारा सहित नमूना विद्यालयहरूलाई प्रोत्साहनको व्यवस्था गराईनेछ ।

६४. हरिवन नगरपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयहरूमा बाल विकास केन्द्र सञ्चालन गरिनेछ ।

६५. आगामी ४ बर्ष भित्र नगरलाई पूर्ण साक्षर नगर बनाउने नीति अवलम्वन गरिने छ ।

६६. युवाहरूलाई सरकारी सेवामा आकर्षित गर्दै देश सेवाको भावनामा अभिप्रेरित गरि रोजगारीमा अभिवृद्धि गर्नको लागि लोक सेवा आयोग, शिक्षासेवा आयोग जस्ता परीक्षालगायत युवा स्वरोजगारसम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

६७. निर्वाचित प्रतिनिधि, सरकारी निकायमा कार्यरत राष्ट्र सेवक कर्मचारी र सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरूले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउन प्रोत्साहन गरिने छ ।

६८. दलित वालवालिकालाई दिईने भत्ता लिन आउदा निजका अविभावकहरूले विद्यालय जाने उमेर भएका आफ्ना अघिल्ला सन्तानहरू पठनपाठन गरीरहेको सिफारीस विद्यालयबाट ल्याउनु पर्नेछ भने विद्यालय जाने उमेर नभएका तर पूर्व प्राथमिक विद्यालयमा भर्ना हुने योग्यता पुगेका वालवालिकाहरू पायक पर्ने वालविकास केन्द्रमा भर्ना भएको हुनु पर्नेछ ।

६९. अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

७०. वडा कार्यालयको सिफारीसको आधारमा वालवालिकालाई विद्यालय नपठाउने व्यक्तिहरूलाई नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारिसहरू) उपलब्ध गराउन बाध्य नहुने नीति अवलम्बन गरिनेछ ।

७१. शिक्षकहरूको लागि वार्षिक रूपमा क्षमता अभिबृद्धि तथा रिफ्रेसर तालिम सञ्चालन गरिनेछ ।

७२. सबै स्वस्थ्य चौकीहरूमा पर्याप्त रूपमा निःशुल्क औषधीको व्यवस्था मिलाईनेछ ।

७३. समय समयमा विपन्न, असहाय, दलित, जेष्ठ नागरिक र महिलाको स्वास्थ्य जाँचका लागि स्वास्थ्य शिबिर (Health Camp) संञ्चालन गरिनेछ ।

७४. सबै स्वास्थ्य चौकीमा भौतिक पूर्वाधार निर्माण गरी प्रयोगशालाको सुविधा सहितको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

७५. स्वास्थ क्षेत्रसँग जोडिएका समग्र पक्षलाई समेट्दै एकीकृत स्वास्थ विकास कार्यक्रममार्फत योजनाबद्ध क्रियाकलाप अघि बढाइनेछ ।

७६. नगरपालिकामा खेलकूदको सर्वांगिण विकासका लागि हरिवन नगरपालिका स्तरीय नगर खेलकुद विकास समिति गठन गरिनेछ ।

७७. स्वस्थ, अनुशासन र राष्ट्रिय गरिमाका लागि खेलकुद र खेलाडीको प्रबर्द्धन गर्न नगर तथा वडा तहमा विविध विधाका खेलकुद कार्यक्रम सञ्चालन गरी खेलाडीको पहिचान र क्षमता विकासको अवसर प्रदान गरिनेछ ।

७८. संविधानले लक्षित बर्गको रूपमा सम्बोधन गरेका महिला, बालबालिका, जेष्ठ नागरिक, द्वन्द्वपीडित, फरक क्षमता भएका नगरवासी, आदिवासी, जनजाति, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि क्षमता तथा सीप विकासका साथै आवश्यक योजना तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ । सम्पूर्ण सार्वजनिक तथा सरकारी सेवा प्रदायक निकायहरूलाई लैङ्गिक भेदभावमुक्त स्थलका रूपमा घोषणा गरिनेछ ।

७९. अति विपन्न वर्गका व्यक्तिहरूका लागि आवास निर्माण गरी उपलब्ध गराउन सुरक्षित आवास योजना क्रमशः सञ्चालन गरिनेछ ।

८०. बैंकहरू मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ भने ८० वर्ष उमेर नाघेका जेष्ठ नागरिक र पूर्ण अपांगता भएकाहरूलाई बैंकहरूसँग समन्वय गरी घर घरमै जनप्रतिनिधिद्धारा बैंक मार्फत भत्ता पुर्‍याउने व्यवस्था गरिनेछ ।

८१. हरिवन नगरपालिकालाई बालश्रममुक्त, बाल विवाहमुक्त र लैंगिक तथा घरेलु हिंसामुक्त नगरपालिका घोषणा गरिनेछ ।

८२. बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनिति २०६८ अनुरूपको बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिईने छ । नगरलाई बालमैत्री नगरको रूपमा घोषणा गर्न कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

८३. कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निर्माण लगायतका क्षेत्रको आवश्यक प्रबर्द्धन र विकास गरिने छ ।

८४. नमूना आयोजना अन्तर्गत यसै बर्ष हरिवन घुम्न आउने आन्तरिक पर्यटक, लोकमार्गमा गुड्ने लामो तथा छोटो दूरीका सवारी साधन र नगरबासीलाई समेत आकर्षित गर्न उपयुक्त स्थानमा निशुल्क वाइफाई र अन्य सुविधा सहितको रिफ्रेसिङ सेन्टर निर्माण गरिनेछ ।

८५. हरिवन नगरपालिकाको समग्र विकासका लागि पर्यटनलाई महत्वपूर्ण आधारशिलाको रूपमा प्रवर्धन गर्न नगरक्षेत्रभित्र रहेका कैलाशपुरी क्षेत्र, चतुर्भुजेश्वरी मन्दिर, वनबाटिका क्षेत्र, सुकेपोखरी, उत्पन्नेश्वर शिव मन्दिर, गणेश मन्दिरलगायतका पर्यटन गन्तब्य स्थलको पूर्वाधार विकास गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. नगरक्षेत्र भित्रका सवै जातजाति, धर्म सम्प्रदाय, भाषा र मौलिक संस्कृतिको जगेर्ना गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । विभिन्न जात्रा, महोत्सव र पर्वहरूमा जातजाति विशेष सांस्कृतिक प्रबर्द्धनका लागि आवश्यक सहयोग गरिनेछ । कला, साहित्य र संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रम गरिनेछ । त्यसै गरी पठन संस्कृतिको विकास गर्न पुस्तकालय वाचनालयलाई सुव्यवस्थित गर्दै परम्परागत पुस्तकालय र आधुनिक पुस्तकालयको चरणबद्ध रूपमा संस्थागत विकास गरिनेछ ।

८७. संघ संस्थाको गठन, दर्ता, नबिकरण र संञ्चालनको लागि सो संग सम्बन्धित कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

८८. विदेशी दातृनिकायहरु मार्फत् अनुदान प्राप्त NGO र INGO, एवं निजी तथा व्यापारिक संस्थाहरु तथा अन्य संघ संस्थाहरूले नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरूमा मात्र खर्च गर्न पाउने र सहकार्यमा काम गर्ने नीति अवलम्बन गरिनेछ ।

८९. नगरपालिकाको प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै लगिनेछ । क्षमता विकासका लागि जनप्रतिनिधि तथा कर्मचारीहरूलाई आवश्यक तालिम तथा भ्रमणको ब्यवस्था गरिनेछ ।

९०. नगरपालिकामा कार्यरत मौजुदा कर्मचारी र केन्द्र तथा विषयगत कार्यालयबाट समायोजन भै आउने कर्मचारीहरूलाई उच्च मनोबलका साथ काम गर्न उत्प्रेरित गरिनेछ । भ्रष्टाचार र अनियमिताप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहूँच र खुल्ला सरकारको अवधारणामा प्रशासन सञ्चालन गरिनेछ ।

९१. नगर स्तरमा कम्तिमा बर्षमा १ पटक सम्पूर्ण सेवाप्रवाहबारे सार्वजनिक सुनुवाई गरिनेछ वडास्तरमा समेत त्यसलाई लागू गरिनेछ ।

९२. पुरानो पेश्की बेरूजुहरू कडाईका साथ फछ्र्यौट गर्दै पेश्की शुन्य नीति अबलम्बन गरी कार्यसम्पन्नताको आधारमा मात्र भूक्तानी दिने व्यवस्था मिलाईनेछ ।

९३. पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

९४. जन्म, मृत्यु, विवाह दर्ता, सम्बन्ध विच्छेद र वसाईं सराई जस्ता व्यक्तिगत घटना दर्ता वडा कार्यालयबाटै गर्ने व्यवस्था मिलाउनुका साथै अन लाईन प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था मिलाईनेछ ।

९५. दलित समुदायमा जन्मेको शिशुको ३५ दिन भित्र जन्म दर्ता गराउने दलित परिवारलाई रू. १,०००।- जन्म दर्ता प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

९६. नगरपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी, पारदर्शी एवं जनउत्तरदायी बनाउन सघन अनुगमन, बुलेटिन/ब्रोसर प्रकाशन तथा चौमासिक/बार्षिक प्रगती समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

९७. नगरपालिका भित्र रहेका निजी, सामुदायिक तथा सरकारी वन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिनेछ र वन डढेलो, वन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिको कार्यान्वयनमा प्रभावकारीता ल्याइने छ ।

९८. बाढी पहिरोबाट जोगाउन भु-संरक्षण, तटबन्ध व्यबस्थापन र बृक्षारोपण कार्यलाई निरन्तरता दिईनेछ ।

९९. नगरस्तरीय नर्सरी स्थापनाको जिम्मा अनुमतिप्राप्त स्थानीय समुदायलाई दिईनेछ र सो समुदायले उत्पादित विरूवाहरू नगरपालिकालाई प्राथमिकतामा राखी सहुलियत दरमा उपलब्ध गराउनुपर्ने व्यवस्था लागू गरिनेछ ।

१००. हरिवन नगरपालिकाका हरेक योजना तथा कार्यक्रमहरूमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ । नगर क्षेत्रका सामुदायिक, कबुलियती तथा सरकारी वनको संरक्षण, जडिबुटी विकास कार्यक्रम तथा भूसंरक्षण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गरिनेछ । २०७५ श्रावण १ देखि प्लाष्टिकका झोला पूर्ण रूपमा निषेध गरिने छ ।

१०१. नगरको मुख्य केन्द्रको रूपमा रहेको हरिवन बजारलाई सफा, ब्यवस्थित र हरियाली सहरको रूपमा विकास गर्न आवश्यक कार्यक्रम यसै बर्षदेखि सुरू गरिनेछ । एक घर एक रूख कार्यक्रम राखी हरियाली बढाउनुका साथै बजारक्षेत्रको सरसफाई, र सडकपेटी व्यवस्थापनका लागि सवै बजारबासी र टोलसुधार समितिसँग सहकार्यसाथ कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२. घर वरिपरि एउटा नयाँ विरूवा रोपेको आधारमा मात्र व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह दर्ता आदि) को सेवा उपलब्ध गराईनेछ ।

१०३. नगरस्तरीय विपत् व्यवस्थापनका लागि विपत ब्यवस्थापनको क्षेत्रमा आवश्यक रकम विनियोजन गरिनेछ । कोषको रकम बृद्धि गरि प्रभावकारी काम गर्न विपत् क्षेत्रमा काम गर्ने गैह्रसरकारी संघ संस्थाहरूसंग सहकार्य गरिनेछ ।

१०४. नगर स्तरिय विपद् व्यवस्थापन सम्बन्धी विपद राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति सम्बन्धी आवश्यक नीति तर्जुमा गरिने छ साथै बिपद् पिडितलाई तत्काल राहत तथा उद्धार कार्यका लागि प्रत्येक वडामा आकस्मिक खोज तथा उद्धार टोली निर्माण गरिनेछ र उक्त जनसक्तिलाई विपद उद्धार सम्बन्धी तालिम दिइनेछ ।

१०५. भवन निर्माण संहितालाई कडाइका साथ लागू गरिने छ ।

१०६. बिपद् जोखिम न्युनिकरण सम्बन्धी कार्य योजना बनाई लागू गरिने छ ।

१०७. 'नगरको सफाई र आकर्षणः फोहोर मैलाको उचित विसर्जन र व्यवस्थापन' भन्ने मान्यतालाई स्थापित गर्न नगर सरसफाई कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरिनेछ । व्यवस्थित ल्याण्डफिल्ड साइट, कुचिकार र सफाई उपकरण तथा फोहोरमैला प्रशोधन प्रविधिमार्फत् नियमित र प्रभावकारी रूपमा नगर सरसफाई कार्यक्रमलाई अघि बढाइनेछ ।

१०८. नगरक्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिने छ फोहर व्यवस्थापनमा असहयोग गर्नेलाई कानूनी कारवाहीको लागि आवश्यक प्रकृया अवलम्वन गरिने छ ।

१०९. फोहोर मैला ब्यबस्थापनका लागि वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति, स्थानीय युवा क्लब, टोल विकास समिति तथा बस्तीस्तरका समुह वा समितिहरूलाई प्रोत्साहन गरिनेछ ।

११०. कार्यपालिकाको निर्णयहरूको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन गरिनेछ ।

१११. स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरूप उचित व्यवस्थापन गरिनेछ ।

११२. असहाय र अन्यायमा परेकाहरूलाई निशुल्क कानूनी परामर्शका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

११३. कानुन विपरित स्थापना भएका उद्योग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गर्नेलाई कानुनको दायरामा ल्याइनेछ ।

११४. शान्ति सुरक्षा सुदृढ र प्रभावकारी वनाउन सुरक्षा निकायहरूको पुर्वाधार निमार्णमा आवश्यक सहयोग गरिने छ ।

११५. न्यायिक समितिको सचिवालय व्यवस्थापन गरी न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलापको बन्दोबस्त मिलाईनेछ ।

११६. बजार व्यवस्थापन, भौतिक पूर्वाधार संरक्षण, विपद व्यवस्थापन, न्यायिक समितिका आदेश तथा फैसलाहरूको कार्यान्वयनमा सहयोगसमेतका लागि नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन

ऐनको प्रावधान अनुरूप नगर प्रहरी सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कानूनी व्यवस्था गरी नगर प्रहरी गठन गरिनेछ ।

११७. नीति, कानुनको प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेखलाई व्यवस्थित गरिनेछ ।

नगर सभाका सदस्यज्यूहरू,

११८. नगरबासीको चाहना र आवश्यकताको सम्बोधनलाई उच्च प्राथमिकता दिई निर्माण गरिएको नीति तथा कार्यक्रम अनुरूपमा बजेट निर्माण र प्रभावकारी कार्यान्वयमार्फत विकासका लक्ष हासिल हुनेमा पूर्ण विश्वस्त हुँदै सबैको साथ सहयोगको अपेक्षा राखेको छु ।

धन्यवाद ।

मितिः २०७५ असार ९ गते